# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

## प्रधान कार्यालय, भद्रकाली प्लाजा काठमाडौं

### आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि आवेदन फाराम भर्ने सूचना

**(प्रथम पटक प्रकाशित मितिः- २०८२।३।२७)**

लोक सेवा आयोगको मिति २०८२/३/२६ गतेको सहमति र पदपूर्ति समितिको मिति २०८२/३/२६ गतेको निर्णयानुसार कम्पनीको देहायका रिक्त पदमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले दरखास्त दिने अन्तिम मितिसम्म आवेदन दिने पदभन्दा एक तह मुनिको आफू बहाल रहेको सम्बन्धित सेवा/समूह अन्तर्गतका पदमा कर्मचारी सेवा,सर्त र सुविधासम्बन्धी विनियमावली, २०७९मा तोकिए अनुसारको सेवा अवधि र न्यूनतम् शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको वेवसाइट www.fmtc.org.np मा गई Online application मार्फत प्राप्त हुने गरी रितपूर्वक दरखास्त फाराम बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिए बमोजिमको रित नपुगी प्राप्त हुने दरखास्त माथि कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपसिलः**

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ०८/०८१-०८२ | विभागीय प्रबन्धक | १० | | | १ |
| २ | ०९/०८१-०८२ | अधिकृत | ६ | प्रशासन | सा.प्रशासन | २ |
| ३ | १०/०८१-०८२ | वरिष्ठ सहायक | ५ | प्रशासन | सा.प्रशासन | ३ |

**द्रष्टव्यः-**

१. **परीक्षा दस्तुरः-** विभागीय प्रबन्धक, तह-१० का लागि रु.२,५००/-, तह-६ का लागि रु. १,०००/- र तह-५का लागि रु.८००/- लाग्ने छ। दरखास्त फाराम भरिसकेपछि Payment Tab मा गई तोकिएको Payment Mode मध्ये कुनै एक माध्यमबाट उल्लिखित दस्तुर भुक्तानी गर्न सकिनेछ।

२. आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम कम्पनीको वेभसाइटबाट प्राप्त गर्न सकिनेछ।

३. लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ। परीक्षा मिति पछि प्रकाशन हुनेछ ।

४. अनलाइन आवेदन दिने अन्तिम मिति २०८२ श्रावण १५ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८२/४/२२ गतेसम्म हुनेछ। आवेदन दिने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा पनि दरखास्त पेश गर्ने समयावधि थप हुनेछैन।

५. उम्मेदवारले न्यूनतम् शैक्षिक योग्यताका प्रमाणपत्रका साथै कर्मचारी संकेत नम्बर भरी स्थायी नियुक्ति पत्र अनिवार्य रुपमा अपलोड गर्नु पर्नेछ।

६. उम्मेदवारले पेश गर्ने सम्पूर्ण कागजातहरु स्पष्ट,द्धिविधारहित र छानविन गर्न सकिने हुनुपर्नेछ।

७. सूचनामा उल्लिखित म्यादभित्र दाखिला नभएका वा न्यूनतम् शैक्षिक योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएको दस्तुर नबुझाइएका वा रितपूर्वक पेस नभएका दरखास्त फाराम स्वीकृत गरिने छैन।

८. यो सूचनामा नभएको विषयको हकमा कम्पनीको कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी विनियमावली, २०७९ बमोजिम हुनेछ।

९. रीत नपुगी स्वीकृत भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ।

सदस्य सचिव
पदपूर्ति समिति